# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

**नियमन विभाग**

## लगानी कम्पनीको धितोपत्र सार्वजनिक निष्काशन सम्बन्धी सूचना ।

बोर्डबाट यसपूर्व भएको लगानी कम्पनीहरुलाई धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा भएको नीतिगत व्यवस्थालाई परिमार्जन गरी तपिशल बमोजिमको व्यवस्था गर्ने सम्बन्धमा बोर्ड बैंठकबाट निर्णय भएको हुँदा सम्बन्धित सबैको लागी यो सूचना प्रकाशित गरिएको छ।

<u>तपशिल</u>

१. संगठित संस्था/लगानी कम्पनी कम्तिमा विगत तीन बर्ष संचालनमा रही पछिल्लो दुई आर्थिक बर्षमा मुनाफा गरेको हुनुपर्ने ।

२. संगठित संस्था/लगानी कम्पनीको प्रति शेयर नेटवर्थ अंकित मूल्य भन्दा बढी भएको हुनुपर्ने।

३. संगठित संस्था/लगानी कम्पनीले उर्जा, यातायात, संचार, कृषि, पर्यटन, उत्पादन तथा प्रशोधन, सूचना प्रविधि तथा खनिज उत्खननसँग सम्बन्धित संगठित संस्थाको संस्थापक शेयर बाहेक अन्य धितोपत्र र प्राथमिक तथा दोश्रो बजार मार्फत धितोपत्र खरिद गर्न नसक्ने ।
तर, योग्य संस्थागत लगानीकर्ताको रुपमा समेत कार्य गर्न बोर्डबाट अनुमति प्राप्त गरेको खण्डमा उर्जा, यातायात, संचार, कृषि, पर्यटन, उत्पादन तथा प्रशोधन, सूचना प्रविधि तथा खनिज उत्खननसँग सम्बन्धित संगठित संस्थाको बुक बिल्डिङ विधिमार्फत् हुने प्रारम्भिक सार्वजनिक निष्काशनमा मात्र योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्न सक्ने ।

४. संगठित संस्था/लगानी कम्पनी उर्जा, यातायात, संचार, कृषि, पर्यटन, उत्पादन तथा प्रशोधन, सूचना प्रविधि तथा खनिज उत्खनन क्षेत्रको संगठित संस्थाको धितोपत्रमा मात्र लगानी गर्ने गरी स्थापना भएको हुनुपर्ने ।

५. संगठित संस्था/लगानी कम्पनीले न्यूनतमभन्दा कम्तिमा एक स्तर माथिको क्रेडिट रेटिङ्गको ग्रेड प्राप्त गरेको हुनुपर्ने ।

६. संगठित संस्था/लगानी कम्पनीको चुक्ता पूँजी कम्तिमा रु. ५० करोड हुनुपर्ने ।

७. नेपाल सरकार संस्थापक भई स्थापना भएको संगठित संस्था वा उर्जा, यातायात, संचार, कृषि, पर्यटन, उत्पादन तथा प्रशोधन, सूचना प्रविधि तथा खनिज उत्खनन क्षेत्रमा लगानी गर्ने उद्देश्य सहित स्थापना भएको संगठित संस्था/लगानी कम्पनी हुनुपर्ने ।

८. बैदेशिक लगानीमा स्थापना भएका संगिठत संस्थाले बैदेशिक लगानी तथा प्रविधी हस्तान्तरण सम्बन्धी ऐनको प्रकृया पुरा गरेको हुनुपर्नेछ ।

२०८२/०३/०८

निर्देशक / सहायक प्रवक्ता


पोष्ट बक्स नं. ९०३१, खुमलटार, ललितपुर, नेपाल

फोन नं. ००९७७-१-५२५४०५७, ५२५३१६२, ५४४४०७७, फ्याक्स नं.५५४१०५८

टोल फ्रि नं. १६६०-०१-४४४३३, इमेल:support@sebon.gov.np, वेभसाइट:www.sebon.gov.np